# "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूलआधार, महिलाको शरीर, श्रम र पहिचानमा आफ्नो अधिकार"

# महिलावादी मञ्च
# २६-२८ माघ, २०७४
# प्रदेश नं. २ द्वारा पारित घोषणापत्र

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि भएको जनआन्दोलन, मधेश आन्दोलन, १० वर्षे जनयुद्ध एवंम सबै खालका महिला आन्दोलनमा नेपाली महिलाहरुले गरेको संघर्ष र बलिदानको उच्च कदर गर्दै, उक्त आन्दोलनबाट प्राप्त महिलाहरुको हक, अधिकारहरुलाई संस्थागत गर्दै, वर्तमान समयसम्म आईपुग्दा नेपालको राजनीतिमा महिलाको सहभागिता केही हदसम्म सुनिश्चित भएता पनि उपलब्धीपूर्ण अझ हुन नसकेको यथार्थतालाई स्मरण गर्दै,

नीतिगत रुपमा भइरहेको महिला माथिको असमानता, बिभेद र शोषण अन्त्यका लागि नेपाली महिलाहरुले गरेको पटक पटकको त्याग, अभियान र आन्दोलनको उपलब्धी स्वरुप नेपालको अन्तरिम संबिधान २०६३, २०७२ मा जारी भएको नेपालको संबिधानले प्रत्याभूत भएको मौलिक हक भित्र धारा ३८ को महिलाको हक, लगायतका संविधान प्रदत अधिकारहरुको संरक्षण गर्दै, संविधानको भाग २ अन्तरगर्त रहेको नागरिकताको व्यवस्थामा भएको असमानता प्रति ध्यानाकर्षण गराउँदै,

सामाजिक र सांस्कृतिक रुपान्तरण विना सरकारले लिएको समृद्धि सहितको विकासको सुनिश्चितता सम्भव छैन भन्ने मान्यताका साथ, उक्त सामाजिक, सांस्कृति रुपान्तरणका लागि महिलाको श्रमको मूल्याकंन, र महिलाको शरीरमाथि आफ्नो नियन्त्रणको लागि आवश्यक नीतिहरुको आवश्यकतातर्फ सचेत गराउँदै ।

महिलाको नेतृत्वदायी, सहयोगी तथा जिम्मेवारीपूर्ण सहभागिताले मात्र देश लोकतान्त्रिक गणतन्त्रतर्फ उन्मूख हुने यथार्थतर्फ ध्यानाकर्षण गराउँदै,

संविधान प्रदत स्वतन्त्रता सहित सम्मानपूर्वक बाँच्न पाउने, समावेशीता, सामाजिक न्यायका साथ मौलिक अधिकार सुनिश्चितताका लागि सामाजिक/सांस्कृतिक रुपमा स्थापित कुरीतिजन्य सोंचबाट निस्केका परिणाम बिरुद्ध नेपाली महिलाहरुले सदियौंदेखि गरेका संघर्ष र बलिदानप्रति उच्च सम्मान गर्दै,

राजनीतिक पार्टीहरुले आफ्ना घोषणा पत्रमा राज्यका सम्पूर्ण संरचना र नीतिहरुमा महिला अधिकार सुनिश्चितता गर्ने प्रतिवद्धता गरेतापनि स्थानीय तहमा महिलालाई दोस्रो स्थानमा सीमित राख्नु तथा प्रदेश प्रमुख तथा सरकार प्रमुखमा महिलाको ३३ प्रतिशत सहभागीता सुनिश्चितताका लागि गरेको वेवास्ताप्रति खेद प्रकट गर्दै, आगामी दिनमा कुनै पनि बहानामा नेपाली महिलाले आफ्नो पहिचान र अधिकारलाई खण्डित गर्ने कुनै पनि प्रकारका निर्णयहरु स्वीकार्दैनन् भन्ने स्पष्ट बनाउँदै,

महिला हिंसाको मुल जरो कारक तत्वको रुपमा रहेका हानिकारक परम्परागत अभ्यासको अन्त्य बिना संविधान प्रदत्त लैङ्गिक समानताको हकका साथै राज्यद्वारा आत्मसात गरेको दिगो बिकासको लक्ष्य समेत हासिल हुन नसक्ने तथ्यप्रति सबैको ध्यानाकर्षण गराउँदै, मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८;

नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६; सवै किसिमका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि १९६५; महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि १९७९; यातना तथा अन्य क्रुर अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४; बालअधिकार महासन्धि १९८९, अपाङ्गता भएका व्यक्तिहरुका अधिकारसम्बन्धी महासन्धि २००६ जस्ता विभिन्न मानवअधिकार सम्बन्धी दस्तावेजहरूले सुनिश्चित गरेका मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको सम्मान गर्न माँग गर्दै,

सिरहाको लहानमा २०७४ माघ २६ गतेदेखि २८ गतेसम्म आयोजित प्रदेश नम्वर २ को प्रदेशस्तरीय यस महिलावादी मञ्चमा उपस्थित हामी स्थानीय तहका जनप्रतिनीधिहरु, महिला/मानवअधिकारकर्मी र नागरिक समाजका प्रतिनिधिहरु बृहत भेलाबाट यो **१० बुँदे घोषणापत्र** जारी गर्दछौ ।

१. प्रदेश नम्वर दुईका अधिकांश स्थानीय सरकारले **न्याय प्रदान गर्ने न्यायिक समितिको गठन र पूर्णता अझै पनि हुन नसकेकोमा त्यसप्रति ध्यानाकर्षण गराउँदै** न्यायिक समिति तत्काल **गठन/पूर्णता गर्न र न्यायिक समितिकाका कार्यहरुलाई सुदृढीकरण गर्न** आवश्यक कार्यक्रम तथा स्रोतहरुको अविलम्व व्यवस्था गर्न माँग गर्दछौं ।

२. **राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका** लागि स्थानीयतहको हरेक निर्णायक प्रक्रियामा निर्वाचित **महिला जनप्रतिनिधीहरुको अनिवार्य सहभागिता सुनिश्चित गरि संविधानतः प्राप्त अधिकारहरुको अनुभूति** गर्ने वातावरण निर्माण गरियोस् ।

३. रुढीबादी प्रवृत्ति र पितृसत्तात्मक सोंचका कारण महिला र बालिका (विशेष गरी दलित, अपाङ्गता भएका, बिपन्न, मधेशी, यौनिक तथा लैगिंक अल्पसंख्यक, जनजाति, सुकुम्बासी जस्ता बिभिन्न रुपले पछाडि पारिएका समुदायका महिला र बालिका) माथि हुने **यौन शोषण, बालबिबाह, बहुविवाह, बोक्सीको आरोपमा अमानवीय कार्य, हरुवाचरुवाका नाममा गरिने मानसिक र शारीरिक शोषण लगायतका विभिन्न प्रथा र परम्परागत रुपमै बिभिन्न किसिमका हानिकारक हिंसाजन्य** कार्य भोग्न बाध्य हुनुपरेकोले त्यस्ता सवै प्रकारका हानिकारक प्रथालाई अपराधको रुपमा ग्रहण गरी त्यस्ता **सबैखाले हानिकारक परम्परागत अपराधलाई अन्त्य गर्ने छाता कानुनको निर्माण साथै स्थानीयस्तरदेखि राष्ट्रिय तहसम्म रणनीति** बनाई लागु गर्न माँग गर्दछौं ।

४. पछिल्लो समयमा **महिलामाथिको हिंसाका घटनामा कमी हुनुको साटो अझ बढिरहेको** र हिंसाबाट महिलाहरु प्रताडित भईरहेको पाईएकोले यथाशिघ्र संविधान त दिईएको नागरिकको अधिकार सुनिश्चितताका लागि भएको व्यवस्था अनुरुप **स्थानीय तहबाट नै पीडितमूखी कानुन निर्माण गरि पीडितलाई न्याय र क्षतिपूर्तिको अनुभूति** गराउन माँग गर्दछौं ।

५. **महिलाको बंशीय हकलाई संवैधानिक संरक्षण प्रदान नगरिएसम्म महिलाको आत्मसम्मान पूर्वक बाँच्न पाउने वातावरण निर्माण हुन नसक्ने तथ्यप्रति ध्यानाकर्षण गराउँदै** अबिलम्ब संबिधान संशोधन गरी **नागरिकतामा महिलाको समान हक स्थापित गर्दै महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा ब्यवहार गर्ने हानिकारक परम्परागत अभ्यास अन्त्य** गर्न माँग गर्दछौं ।

६. पूँजीवादी पितृसत्तात्मक संरचनाद्वारा सिर्जित महिलाको काम तथा **श्रमको कदर नगर्ने परम्परागत सोंच र अभ्यास कै कारण महिलाले घरभित्र, सार्वजनिक क्षेत्र र वैदेशिक रोजगारको क्रममा विभिन्न खालका शोषण र भेदभाव खेप्नु परेको** यथार्थतातर्फ ध्यानाकर्षण गराउँदै महिलाले गर्ने

सबै कामलाई उत्पादनमूलक कामको रुपमा स्थापित गर्ने प्रणाली **स्थानीय तहमा नै निर्माण गरी सामन्तवादी व्यवस्थाले निम्त्याएको हानिकारक परम्परा अन्त्य** गर्न माँग गर्दछौं ।

७. भूमिहिन तथा सुकुम्बासी समस्याका कारण **भूमिहीन तथा सुकुम्वासीभित्र पनि महिलाहरु आर्थिक, सामाजिक तथा सांस्कृतिक हिंसाबाट बढी मात्रामा असुरक्षित** भईरहेका हुँदा भूमिहीन तथा सुकुम्वासीहरुको **उचित बासको व्यवस्था गर्न** सरकारसंग जोडदार माँग गर्दछौं ।

८. यौनिक तथा लैगिंक अल्पसंख्यक साथसाथै एचआाईभि संक्रमित व्यक्तिहरुको **पहिचान लगायतका उनीहरुको अधिकार सुनिश्चितता सहित उनीहरुको आधारभूत अधिकार सम्बोधनका लागि स्थानीय तहमा नै नीतिगत व्ययवस्था** गर्न माग गर्दछौ

९. स्थानीय तहका हरेक **संरचनाहरुलाई अपांगता मैत्री बनाउन र अपांगता भएका व्यक्तिहरुको अधिकार सुनिश्चितताका** लागि हामी जोडदार माग गर्दछौ ।

१०. भ्रुण पहिचान गरि गरिने गर्भपतन, दहेज एवंम मुस्लिम समुदायमा अभ्यासमा रहेको ३ पटक भनि गरिने तलाक प्रथा लगायतका **सबैप्रकारका सामाजिक तथा सांस्कृतिक हिंसाहरुको अन्त्यका लागि विशेष व्यवस्था गर्न जोडदार माग** गर्दछौ ।

अन्त्यमा, हामी स्थानीय तहका जनप्रतिनीधि, महिला/मानवअधिकार रक्षकहरु आफ्नो तर्फबाट मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि प्रतिबद्धता जारी गर्दै, यो घोषणापत्र अनुरुपका व्यवस्था स्थानीय तहमा नै स्थापित गराउन निरन्तर अभियानरत/प्रतिबद्ध रहनेछौ ।